# पर्वत जिल्ला अदालत

## कुश्मा, पर्वत

पत्र संख्या :- २०७६/०७७
चलानी नं. :- १50८

फोन नं. ०६७-४२०१९५
मिति :- २०७६।१२।२३

## सुचना ! सुचना !! सुचना !!!

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) संक्रमणको कारण सम्मानीत सर्वोच्च अदालतको मिति २०७६।१२।०७ को पूर्ण बैठकको निर्णयानुसार मिति २०७६।१२।०९ गते देखि बन्दी प्रत्यक्षीकरणको निवेदन पक्राउ पूर्जी अनुमति, जरुरी पक्राउ पूर्जी स्वीकृत समेतका काम बाहेक अन्य काम कार्यवाही सम्पूर्ण रुपमा बन्द रहेको अवस्थामा नेपाल सरकारले मिति २०७६।१२।१२ गते देखि देशभर बन्दाबन्दी (LOCKDOWN) घोषणा गरी मिति २०७६।१२।१६ को निर्णयले उक्त बन्दाबन्दी (LOCKDOWN) घोषणालाई मिति २०७६।१२।२५ सम्म लाई निरन्तरता दिएको अवस्थालाई मध्य नजर गरी सम्मानीत सर्वोच्च अदालतको मिति २०७६।१२।२१ को पूर्ण बैठकले उक्त बन्दाबन्दीको समयमा स्थगीत रहेको अदालतको काम कार्यवाहीलाई व्यवस्थीत गर्नका लागी मिति २०७६।१२।२८ गते सम्म बन्दी प्रत्यक्षीकरणको निवेदन, पक्राउ अनुमति, जरुरी पक्राउ पूर्जी स्वीकृती बाहेक अन्य काम कार्यहरु बन्द रहने तथा मुद्दाका तारेख समेत कार्यका सम्बन्धमा यस अदालतबाट पूर्व प्रकाशित सूचना बमोजिम कार्यालय खुलेको दिन देखी बाटाको म्याद बाहेक १० दिन भित्र नै हुने व्यहोरा सम्पूर्ण सरोकारवालाहरुको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।